# श्री जनचेतना सामुदायिक वन उपभोक्ता समूह

**बाँसगढी-४।५, बर्दिया**

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०२।०६ गते यस समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन हुने डिभिजन वन कार्यालय बर्दियाको च.न.४७३२ र ४७३४ ,मिति २०८३।०२।०६ गतेको विक्रीवितरण सहमती बमोजिमका काठ तथा दाउरा सँकलन गरि निम्न परिमाणको गोलिया काठ । दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक काठ । दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना मिसन टुडे राष्टिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ।

### तपशिलस :

(१) वन पैदावारको विवरण :

**लट नं.:०१-२०८२/०८३**

| सि.न. | जात | थान | ग्रेड | परिमाण( घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | सिसौ | २४ | A | २५०.०६ | ७०० | १७५०४२ | १४४ | ३६००८.६४ | |
| २ | सिसौ | ६२६ | B | १७८५.७१ | ५०० | ८९२८५५ | १४४ | २५७१४२.२४ | |
| ३ | जामुन | ९ | C | १७.८४ | १०० | १७८४ | १४४ | २५६८.९६ | |
| ४ | खयर | ३०९ | N | २०४.८८ | १००० | २०४८८० | १४४ | २९५०२.७२ | |
| ५ | सिमल | ९५ | N | ५८३.१४ | १५० | ८७४७१ | १४४ | ८३९७२.१६ | |
| ६ | कान्जी | ९ | N | २२.४७ | १०० | २२४७ | १४४ | ३२३५.६८ | |
| जम्मा | | १०७२ | | २८६४.१ | २५५०. | १३६४२७९. | ८६४. | ४१२४३०.४ | |

**लट नं.:०२-२०८२/०८३ (TI)**

| सि.न. | जात | थान | ग्रेड | परिमाण( घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | सिसौ | १८ | A | १६१.१६ | ७०० | ११२८१२ | १४४ | २३२०७.०४ | |
| २ | सिसौ | ६६ | B | १६०.५६ | ५०० | ८०२८० | १४४ | २३१२०.६४ | |
| जम्मा | | ८४ | ० | ३२१.७२ | १२०० | १९३०९२ | २८८ | ४६३२७.६८ | |

## लट नं.:०३-२०८२/०८३

| सि.न. | जात | किसिम | परिमाण | दर | न्युनतम मुल्य रु. | सँकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दर | जम्मा रु | |
| ३ | सिसौटिक | दाउरा | ८ | १२००० | ९६००० | १०९०० | ८७२०० | |
| जम्मा | | | ८ | १२००० | ९६००० | १०९०० | ८७२०० | |

(२) **जम्मा** बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०२।२६ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०२।२७ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य वैंक बाँसगढी शाखामा रहेको खाता नं.४१४०१००००३३६५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ।

(४) बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको कटान स्विकृत स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम सँख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२७ गते यस समुहको कार्यालयमा दिउँसो २ : ०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक विदा परेमा सो को लगतै भोतिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ ।

